नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
कास्की

Phone: ०६१-५८३६१३
Mobile:९८५६००७१००/९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.co
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०८२/०८३
च नः

सूचना प्रकाशन मितिः २०८२/०७/२४

**मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कास्कीको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक समूह/सहकारी/फर्म/कम्पनीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र (अर्थात् मिति २०८२/०८/१४ गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम | समूह, सहकारी, निजि फर्म, उद्यमी र कम्पनी | कास्की जिल्लाभर | **मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम** सञ्चालन कार्यविधि, २०८२ को दफा ३ मा उल्लेख भए बमोजिम | कूल लागत अनुमानको बढीमा पचास प्रतिशत अनुदान रकम उपलब्ध गराईनेछ। |

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव ।
(२) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(३) उद्यम वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(४) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

द्रष्टब्यः मिति २०८२/०४/१६ गतेको प्रस्ताव आह्वानको सूचना बमोजिम मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रमको लागि आवेदन पेश गरेका आवेदकहरुले कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव पनि अनिवार्य रुपमा थप पेश गर्नु पर्नेछ ।

**थप जानकारीको लागिः**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कास्की ।
सम्पर्क नः- ०६१-५८३६१३ / ९८४३६७६५८२ / ९८५६००७१०१ / ९८५६००७१०३
इमेलः- Email-pmamp.piu.kaski@gmail.com
वेपसाइटः- www.piukaski.pmamp.gov.np
Facebook:- NAMP PIU Kaski

कार्यालय प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यान्वयन एकाइ
कास्की

मासु निर्यात अभिवृद्धिको लागि राँगा वा भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०८२ को परिच्छेद २ दफा ३ बमोजिम कार्यक्रम सञ्चालनका क्रियाकलपहरुः-

(क) मासुका लागि पाडा वा पाडी खरिद तथा ढुवानी

(ख) गोठ निर्माण वा सुधार,

(ग) घाँसेबाली तथा आहारा व्यवस्थापन,

(घ) औषधी उपचार, परजीवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशुपालनका लागि यन्त्र, उपकरण,औजार सहयोग,

(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरु,

(छ) पशु पहिचान तथा अभिलेखीकरण,

(ज) कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, होडिङ बोर्ड, प्रतिवेदन र प्राविधिक सेवा टेवा

नोटः १)मासुका लागि पाडा वा पाडी खरिद तथा ढुवानीको हकमा प्रस्तावको कूल लागतको अधिकतम ५० प्रतिशत सम्म खर्च गर्न सकिनेछ।

२) पाडा वा पाडी खरिद गर्दा उपलब्ध भएसम्म सरकारी वा नीजि स्रोत केन्द्रहरुबाट खरिद गर्नु पर्नेछ।

३) पाडा वा पाडी खरिद गरेको अवस्थमा अनिवार्य रुपमा पशु बीमा गर्नु पर्नेछ।

निमित्त कार्यालय प्रमुख